ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक २५०
३० जेठ २०८० मंगलबार
13 Jun. 2023, Tuesday
www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका
अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## जनकपुरधामवासीको चित्कार, पानी देउ सरकार

**बेचन महतो**

**जेठ २९ गते, महेन्द्रनगर**

तराई मधेशमा पानीको हाहाकार, आँगनका कलहरु सुके, खेतमा धाँजा फाटे, पानीको लागि काकाकुल जनता जस्ता समाचार हरुले अचेल दिनहु जसो सवैको ध्यानाकर्षण गराउँदै आएको छ। एकातिर पानीको अभावमा छटपटिएको जनजिवन अर्को तर्फ औषत दैनिक ४० डिग्रि सेल्सियस भन्दा माथिको तापक्रमले समग्र तराई मधेशको दैनिकीलाई अत्यन्तै पिडादायी बनाएको छ। पानी नपरेको पनि २० दिन भन्दा बढि भई सकेको छ।



जल तथा मौसम विज्ञान विभागको तथ्याँक अनुसार २०७९ को हिउँदमा १२.९ मिलिमिटर मात्रै वर्षा भएको थियो। त्यस अघि सबै भन्दा कम हिउँदे वर्षा २०६५ मा ११.५ मिलिमिटर भएको थियो। जब कि हिउँदमा ६०.१ मिलिमिटर वर्षालाई औषत मानिन्छ। भूमिगत जलश्रोतको अत्यधिक दोहनका कारण सुख्खायाममा काठमांडौमा ईनार र तराई मधेशमा चापाकल तथा बोरिङको पानी सुक्ने क्रम बढेको छ। यस वर्ष हिउँदमा कम पानी परे पनि प्रिमनसुन (मार्च-मे) मा औषत पानी पर्दा केहि राहत मिले पनि प्रिमनसुनमा २०९.८ मिलिमिटर वर्षा हुनु पर्नेमा जम्मा ९७.७ मिलिमिटर वर्षा भएको छ। तर जेष्ठ १५ गते देखि निरन्तर उकालो लागेको मुलुकको तापक्रमले तराई - मधेशमा त लु नै चल्न थालेको छ। जनता पानीको लागि त्राहीमाम छन्। वर्षाको लागि कतै भ्यागुतोको बिहे गराईएको छ त कतै देविदेवताको भाकल गरी पुजा गरिएको छ। तर पनि ईन्द्रदवको मन पग्लिएको छैन, बरुण महाराज अझै पाताल लोकको यात्रामा हुनु हुन्छ। सरकार कुम्भकर्णको निन्द्रामा छ। सबैले हे भगवान पानी देउ, सरकार पानी देउ भनेका छन्।

पानी सदुपयोग फाउन्डेसन र अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) ले नेपालका पहाडी र हिमाली भेगका ३०० पालिकाहरूमा गरेको सर्वेक्षणमा आधारित अनुसन्धान प्रतिवेदन अनुसार करिब ७४ प्रतिशत पालिकामा पानीका मूल सुक्ने र ५८ प्रतिशतमा मूल सर्ने घटना पाइएको देखाएको छ। क्षेत्रगत रूपमा भन्दा चुरे क्षेत्रका पालिकाहरूमा मुहान सुक्ने समस्या सबैभन्दा बढी छ। तथापि यसअघि गरिएका अन्य अध्ययनहरुले पनि नेपालमा केही दशकयता पानीका मूलहरू सुक्दै गइरहेको देखाएकाछन्। जस्तै– त्रिभुवन विश्वविद्यालय अन्तर्गतको भूगोल केन्द्रीय विभागका अध्येताहरूले मध्यपहाडको मेलम्ची क्षेत्रमा गरिएका अध्ययन र युथ एलाइन्स फर इन्भाइरोमेन्टका अध्येताहरूले खोटाङ, नुवाकोट, सुर्खेत, डडेलधुरा जिल्लामा गरेका अध्ययनहरूले त्यहाँ पानीका मूल सुक्ने क्रममातीव्रता आएको देखाएकाछन्। तनहुँमा गरिएको अध्ययनले पनि ६३ प्रतिशत मूलमा पानीको मात्रा कम भएको देखाएको थियो। छरिएका सीमित अध्ययन भएपनि सबैको निष्कर्ष छ–केही दशकयता पूर्वदेखि पश्चिम नेपालसम्म र हिमाल देखि मध्य पहाड, चुरे र तराई भूभागमा पानीका मुहान सुक्दै गएको देखिएको छ। सुक्ने क्रमको सूचना गोरखा भूकम्पपछि तीव्र भएको देखिन्छ। एक प्रतिवेदन अनुसार, २०७२ सालको गोरखा भूकम्पका कारण देशभरका करिब ५००० मुहान र इनारहरू सुकेका थिए। त्यसो त उक्त भूकम्प पछि कतिपय ठाउँमा नयाँ मुहान पनि देखिए र कतिपय मूलमा पानीको परिमाण झन् बढी देखियो। काठमाडौं उपत्यकाका केही ढुंगेधारामा भूकम्प पछि पानीको मात्रा बढेको थियो। पानीको मुहान सुक्ने क्रम नेपालमा मात्रै होइन, केही दशक यता समग्र हिमालय क्षेत्रमा पनि बढिरहेको छ। भुटान, भारत र पाकिस्तानमा भएका अध्ययनहरूले यस कुरोलाई पुष्टी गरेको छ।

त्यसकारण यस्ता पानीका मूलहरू सुक्दै जाँदा दैनिक मानवीय जीवन र जीविकामा मात्रै होइन, जैविक विविधता र पर्यावरणमा पनि नकारात्मक असर पुगेको छ। जस्तै– सिमसारमा पानीको मूल सुक्दा त्यसमा आश्रित चर ाचुरुंगी लगायतको जैविक विविधता हराएर जान्छ।

*बाँकी पृष्ठ ३ मा*

## जनकपुरबाट काठमाडौं उड्न लाग्दा बुद्ध एअरको जहाजमा धुवाँ देखियो

**खबर दर्पण समाचारदाता**

**जेठ २९ गते, जनकपुर**

जनकपुरधामदेखि काठमाडौं उडान भर्ने क्रममा सोमबार साँझ बुद्ध एअरको विमानमा धुवाँ देखिएको छ।

यु४-५०८ नम्बरको बुद्ध एअरको सो विमान जनकपुरधामबाट काठमाडौंका लागि उडान भर्ने क्रममा रनवेमै पुग्दा जहादभित्र धुवाँ देखिएको हो।

दिउँसो ४:३० बजे उडान भर्ने समय रहेको सो विमान साँझ ५:३७ मा उडान भरिरहेका बेला रनवेमा पुगेपछि विमानभित्र अचानक धुँवा देखिएको एक यात्रीले बताए। विमानमा धुवाँ देखेपछि यात्रीहरु अत्तालिएका थिए।

काठमाडौंका लागि उडान भर्नै लाग्दा धुवाँ देखापरेपछि विमान पुनः पार्किङमा फर्काइएको एक यात्रीले जानकारी दिए। फ्लाइट रद्द हुँदा यात्रुहरू बिचल्लीमा परेका छन्।

यसअघि पनि जेठ ७ गते साँझ जनकपुरधाम विमानस्थलको र नवेमा स्याल कुदेपछि अवतरण नगरेर यति एअरलाइन्सको जहाज काठमाडौं फर्केको थियो।



पाइलटले दुईपटक अवतरण गर्न खोजे पनि रनवेमा स्याल देखिएपछि जहाज काठमाडौं फर्केको थियो। पाइलटले एटिसीलाई रनवेको अवस्थाको बारेमा जानकारी गराउँदा जहाज अवतरण नगर्न सुझाएपछि जहाज ओभरसुट गरी फर्केको थियो।

त्यसअघि, जनकपुरधामबाटै काठमाडौं उड्न लागेको बुद्ध एअरको विमानमा मुसा देखिएपछि उडान स्थगित भएको थियो। नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले बुद्ध एअरको विमानमा मुसा देखिएको पुष्टि गरेका थिए। ४९ जना यात्रुको बोडिङ भइसकेपछि जहाजमा मुसा देखिएको थियो।

## एकै परिवारका तीनजना कुटिए



**खबर दर्पण समाचारदाता**

**जेठ २९ गते, जलेश्वर**

महोत्तरीको भिठामोडमा पानी किन्ने विवादमा जनकपुरका एकै परिवारका तीनजना कुटिएका छन्।

महोत्तरीको सम्सी गाउँपालिका ५ पोखरभिण्डा घर भई जनकपुरधाम उपमहानगरपालिका ६ बस्दै आएकी ३६ वर्षीया सविता महतो, उनका भाई द्वय ३२ वर्षीय सुजित साह र २५ वर्षीय सुनिल साह कुकिटएका हुन्।

भारतबाट फर्किरहेका उनीहरु

*बाँकी पृष्ठ ४ मा*

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# नागरिकलाई नागरिकता दिन झमेला किन ?

सरकार (मन्त्री परिषद्)को आग्रहमा राष्ट्रपतिले प्रमाणित गरिसकेको नागरिकता संशोधन विधेयकको कार्यान्वयनमा सर्वोच्च अदालतले अन्तरीम आदेश मार्फत तत्काल रोक लगाएपछि जन्मसिद्ध नागरिकका सन्तानहरुको निम्ति स्थिति फेरी पुरानै अवस्थामा पुगेको छ । जेठ २६ गते सर्वोच्च अदालतले दुबै पक्षलाई बोलाएको छ ।

यस्को परिणाम के हुन्छ, भविष्यको विषय भयो, तर जन्मसिद्ध नागरिकका सन्तानहरुले हाल नागरिकताको प्रमाणपत्र पाउनुमा नयाँ अवरोध सिर्जना भएको छ । अर्कोतर्फ, सरकारले विधि पुऱ्याएर यो विधेयक नल्याएको भनेर प्रतिपक्षीदलहरुले यो विधेयक खारेज गरेर पुनः संसद मार्फत प्रक्रिया थाल्नुपर्ने माँग गर्दै संसद अवरुद्ध गरिरहेका छन् । जन्मसिद्ध नागरिकको सन्तानहरुले नागरिकताको प्रमाणपत्र पाउनु पर्छ भन्नेमा मौखिकरुपमा प्रायः सबै दलले स्वीकृति जनाउँछन्, तर व्यवहारमा भिन्नता छ । संसदमा नागरिकता संशोधन विधेयक प्रस्तुत हुँदा हरेक पटक कुनै न कुनै निहुँमा कसै न कसैले अवरोध सिर्जना गर्छ र त्यसपछि सबै एक स्वरले यस विधेयकको विरोध गर्न थाल्छन् । विगत कोट्याउने हो भने केपी ओली प्रधानमन्त्री हुँदा उनको सरकारले अध्यादेशमार्फत जन्मसिद्धको नागरिकता वितरण थाल्यो तर मुद्धा परेपछि सर्वोच्च अदालतले कानून बनाएर नागरिकता वितरण गर्नु भनेर रोक लगायो ।

अर्कोपटक ओली नेतृत्वको सरकार ढलेर प्रचण्ड नेतृत्वको नेका-माओवादी केन्द्रको सरकारले विगतमा ओली सरकारले व्यवस्था गरेको अध्यादेशलाई हुबहु विधेयक बनाएर राष्ट्रपति श्रीमति विद्या भण्डारीकहाँ प्रस्तुत गर्दा राष्ट्रपतिले प्रमाणित गर्नैपर्ने सम्वैधानिक धाराहरुलाई समेत उपेक्षा गरेर त्यस विधेयकलाई थन्क्याएर राखिदिइन् । यस्मा खुला रहस्य के छ भने उनले पूर्व प्रम तथा एमाले अध्यक्ष ओलीको मनसाय अनुसार यस्तो गरेकी थिइन् भन्ने कुरा मिडियामा त्यतिबेला व्यापक चर्चा भएको हो । प्रतिनिधिसभाको नयाँ निर्वाचनपछि ओलीसंगको गठबन्धन भत्काएर नेकासंग मिलेर सरकार बनाएपछि प्रचण्ड नेतृत्वको गठबन्धन सरकारले तत्कालीन राष्ट्रपति भण्डारीले थन्काएर राखेको नागरिकता संशोधन विधेयक पारित गर्न वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलसंग आग्रह गऱ्यो । यस्तो आग्रहको कारण तत्कालीन राष्ट्रपति भण्डारीले अस्वीकृत नगरे र त्यो विधेयक राष्ट्रपति कार्यालयमा थन्किएको स्थिति हो । यस्तोमा वर्तमान राष्ट्रपतिले त्यसलाई प्रमाणित गर्नु पूर्व राष्ट्रपतिले अधुरा छोडेको काम पुरा गर्नु सरह हो ।मन्त्रीपरिषदको आग्रहमा राष्ट्रपति पौडेलले राष्ट्रपति कार्यालयमा थन्किएको सो विधेयक प्रमाणित गरे । यसको विरोधमा, एकातिर रिट परेपछि सर्वोच्च अदालतले अन्तरिम आदेश मार्फत रोक लगाएको छ, भने अर्कोतर्फ एमाले, राप्रपा र रास्वपा जस्ता दलहरुले संसद अवरुद्ध गरेर यसको विपक्षमा उत्तेजनात्मक वातावरण सिर्जना गर्ने प्रयत्न गरिरहेका छन् ।

# नेपालमा गणतान्त्रिक शासन प्रणालीको वर्तमान अवस्था

- डा. रामसागर पण्डित

नेपालको संविधान-२०७२ अनुसार नेपालले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अपनाएको छ ।

यस व्यवस्थालाई संसारमा अपनाइएका शासन पद्धति मध्येको सर्बोत्तम पद्धतिको रूपमा लिइन्छ । गणतन्त्रको अर्थतिर जाँदा जनताद्वारा निर्वाचित प्रतिनिधिहरूबाट गरिने शासन प्रणाली हो भने बुझिन्छ । यस प्रणालीमा देशको संप्रभु जनताको हातमा रहन्छ। गणतान्त्रिक प्रणाली पनि एक देशले लागु गरेको पद्धति भन्दा अर्को देशको भिन्न-भिन्न रूपमा देखिन्छ । कतिपय देशले राष्ट्रपतिलाई नै कार्यपालिकाको अधिकार प्रदान गरेको छ भने कतिपयले अभिभावकको रूपमा मात्र राखेको देखिन्छ । विश्वमा गणतान्त्रिक प्रणालीको उत्तम उदाहरणको रूपमा संयुक्त राज्य अमेरिकालाई लिइन्छ जहाँ राष्ट्रपतिलाई राष्ट्रप्रमुख र शासनप्रमुखको काम गर्ने अधिकार प्राप्त छ । त्यहाँ व्यवस्थापिकाको काम संसद तथा न्यायपालिकाको काम न्यायालयले हेर्ने गर्छन् । राष्ट्रपतिको निर्वाचन प्रत्यक्ष रूपमा जनताद्वारा गरिन्छ। तर नेपाल र भारतमा त्यस्तो छैन । नेपाल र भारतमा राष्ट्रपतिलाई राष्ट्राध्यक्षको भूमिकामा सीमित गरेको छ । राष्ट्रपतिको कार्य मूलरूपले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको अभिभावकीय भूमकिामा बस्नु पर्ने हुन्छ।

नेपालको संविधान-२०७२ दफा ६६ मा राष्ट्रपतिको काम, कर्तव्य र अधिकार उल्लेख छ । यसको उपदफा (१) अनुसार राष्ट्रपतिले यो संविधान वा संघीय कानुन बमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालना गर्नेछ। यसैको (२) अनुसार उपधारा (१) बमोजिम अधिकारको प्रयोग वा कर्तव्यको पालना गर्दा यो संविधान वा संघीय कानुन बमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिशमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्यबाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषद्को सिफारिस वा सम्मतिबाट हुनेछ। त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुनेछ । यसैको उपधारा (३) ले उपधारा (२) वमोजिम राष्ट्रपतिको नाममा हुने निर्णय वा आदेश र तत्सम्वन्धी अधिकारपत्रको प्रमाणीकरण संघीय कानुन बमोजिम हुनेछ । यसरी नेपालको संविधान-२०७२ ले पृथक्कीकरणको सिद्धान्तलाई अपनाएको छ । त्यसमा कहीं कतैबाट हस्तक्षेप हुनुहुँदैन । तर विभन्नि कालखण्डमा नेपालका शासकहरूले संविधानमाथि अतिक्रमण गर्न चुकेका छैनन् ।

यस संविधान अनुसार पहिलो निर्वाचन-२०७४ मा सम्पन्न भएको थियो भने दोस्रो निर्वाचन २०७९ मा सम्पन्न भएको छ । पहिलो निर्वाचन परिणाम अनुसार नेकपा (एमाले) का अध्यक्ष खर्गप्रसाद शर्मा ओली (केपी शर्मा ओली) प्रधानमन्त्री हुनुभयो । वहाँ संविधान माथि पटक-पटक प्रहार गर्दै राष्ट्रपतिलाई समेत संविधान उल्लंघन गर्न लगाउनुभयो । यसरी संसदको पहिलो पाँच वर्षको अवधि कानुनको पालनामा निकै खस्केको देखियो । गणतान्त्रिक व्यवस्था विश्वकै सर्वोत्कृष्ट प्रणाली हो जसलाई सबैले स्वीकार गरेका छन् । ब्रिटेनमा अलिखित संविधान भएपनि यस्ता उल्लंघनका घटना प्रायः हुँदैन। हाम्रो देशमा त लिखित संधिवान छ तर पनि म संविधानभन्दा माथि छु भनि अहम्ताको कारणले यस्तो भएको हो । राजतन्त्रमा राजालाई संविधानको स्रोत मानिन्थ्यो । राजाद्वारा संविधान आउने बनाउने वा संशोधन गर्ने अधिकार रहेको हुनाले आफूलाई जस्तो ठाउँमा राखे पनि हुन्थ्यो । यस संविधानले त्यस्तो अधिकार दिएको छैन । यसमा सबैको अधिकार र कर्तव्य सीमित बनाएको छ । पदमा आसीन हुने बितिकै फूर्ती लगाउन थाल्छन् । यसरी काम गर्दै गयो भने पूरै संविधान मर्माहत हुन बेर लाग्दैन । अहिले दोस्रो निर्वाचनबाट बनेको यो पहिलो सरकार हो । देशको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले सही रूपमा काम गर्न सकिराखेका छैनन् कारण एकमाथि अर्कोको हस्तक्षेप बढी भएको देखिन्छ । व्यवस्थापिकाले कतिदिन कति विधेयक बनायो हेर्नुस् त ! तलब भत्ता दिन दिनैको खाएपनि संसदमा हाजिर बनाएर कहाँ गएका हुन्छन्, यहीं हो नैतिकता । न्यायपालिकातिर हेर्दा हाल बेहाल छ । कतिदिनदेखि प्रधानन्यायाधीशको पद खाली छ। मुद्दाको चाङ देखिएको देखियै छ। एउटा मुद्दाको फैसला हुन वर्षौं लाग्छ। यहीं हो गणतान्त्रिक न्याय प्रणाली ! देशमा कानुनी राज्य आएका भन्छौं तर कानुन नै कमजोर भयो भने कस्तो कानुनी राज्य ? कार्यपालिकाको पनि यस्तै हालत छ । पहिलो निर्वाचनबाट बनेको प्रधानमन्त्री केपी शर्मा ओलीलाई पुग्नपुग दुई तिहाइको सरकार थियो। कहाँ गयो सरकार ? बिचैमा वहाँलाई प्रधानमन्त्रीबाट बाहिरिनु भयो। आजको प्रधानमन्त्री पनि कहिलेसम्म टिक्ला ठेगान छैन । गठबन्धनको सरकार कतिपय देशमा पूरा अवधि बिताएकै छ । हाम्रो देशमा पनि सरकारको वाँटफाँटमा कतिदिनसम्म खप्नु हुन्छ, हेर्दै जानुस् । प्रदेशहरूको अवस्था त अझै बिग्रेको छ । दिनदिनै सरकार बनाउने र गिराउने खेलमा लागेका छन् । तीनै सरकारको काम वाँटफाँट अहिलेसम्म प्रष्ट रूपमा लिपिबद्ध भएको छैन । पंचायतकालमा बनाइएका कानुनद्वारा कतिपय कुरा अहिले पनि संचालित छन् । केन्द्र, प्रदेश तथा स्थानीय स्तरको कामकाज अहिलेसम्म प्रष्ट रूपमा बाँटफाँट भएको छैन । कहिंकहीं त दोहोरो रूपले प्रयोग गर्ने उल्लेख छ । यसरी केन्द्रदेखि स्थानीय सरकारसम्म अन्यौलताको अवस्था छ । पार्टीहरू आ- आफ्नै बीचमा आफ्ना निजी स्वार्थले लडिरहेका छन् । जहाँ भागवण्डाका कुरा आउँछ त्यहाँ तुरुन्तै एक हुन बेर लाग्दैन । जस्तो व्यवस्था आए पनि चरित्र त वही न हो । संविधान राम्रो भए पनि उसको कार्यान्वयन पक्ष कति बलियो छ त्यसमा निर्भर हुन्छ । सांसदहरूमा देशभक्तिको अभाव छ । सरकारी बजेटलाई लुछाचुँडी गरी जफत गर्न पछि पर्दैनन् । केन्द्रदेखि स्थानीय सरकारसम्मको हाल यस्तै छ । गणतान्त्रिक व्यवस्था विशुद्ध जनताको व्यवस्था कहलाउँछ । यसमा राष्ट्राध्यक्ष तथा शासनाध्यक्ष दुबै जनताबाट चुनिएर गएका हुन्छन् ।यसमा कुनै व्यक्ति विशेषको शासन हुँदैन। ब्रिटेनलाई विश्वमा प्रजातन्त्रको जननी भनिन्छ तर व्रिटेन पनि एउटा गणतान्त्रिक देश होइन । त्यहाँपनि राष्ट्राध्यक्षको रूपमा सम्राटलाई सर्वोच्च स्थान प्रदान गरेको छ । हाम्रै छिमेकी देश भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र माल्दीभ्स पनि गणतान्त्रिक व्यवस्थालाई स्वीकारे पनि सबैमा एकैनासले चलेको देखिँदैन । यी सबैमा भारतको गणतान्त्रिक लोकतन्त्र बढी सबलताकापूर्वक अगाडि बढेको छ । भारतकै जस्तो हाम्रो देश नेपालले पनि यस पद्धतिलाई स्वीकार गरेको छ। यस व्यवस्थाको मूल आधार कानुनको सर्वोच्चता हो । कानुन सबैभन्दा माथि हुन्छ । कानुनको हिसाबले देशका सबै नागरिक समान हकभोग गर्न पाउँछ । राजतन्त्रमा कानुनको सर्वोच्चता जनताको हातमा हुँदैन । हाम्रा छिमेकी देश भुटानमा राजतन्त्रात्मक व्यवस्था छ । यहाँ संधिवानको स्रोत राजालाई मानेका छन् । गणतन्त्रमा कानुनको सर्वोच्चता भएपनि कतिपय देशले त्यसलाई तोडमडोर गरेर लागु गरेका छन्। हाम्रो देशमा पनि 'जसको लाठी उसकै भैस' को कहावत चरितार्थ भएको देखिन्छ । के गणतन्त्रमा मानिसलाई आफ्नो अधिकार प्रयोग गर्न कुनै रोकटोक हुन्छ र ? जसले गणतन्त्रको अर्थ त्यस्तो बुझेको छ भने त्यो बिल्कुल गलत हो ।

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जनकपुरधामवासीको चित्कार...




जीवजन्तुले पिउने पानीको अभाव झेल्छन् । यतिखेर पानी अभावकै कारण कतिपय ठाउँमा मानव बस्तीहरू उजाडिन थालिएका छन् त कतिपय स्थानमा मानिसहरूले विकल्पका रूपमा अन्य स्थानबाट पानी लिफ्ट गरेर ल्याउने, टाढाको मुहानबाट पानी ल्याएर आपूर्ति गर्ने गरेकाछन् । ईनारको पानी सुक्नुका साथै खानेपानीका धारामा पानी आउन छाडे पछि महोत्तरीको जलेश्वर नगरपालिकाले ट्याँकरमा खानेपानी बाड्न थालेको छ । पानी अभावको सबैभन्दा बढी बोझ ग्रामीण भेगका महिलाहरू, गरिब तथा विपन्न घरलाई त परेको नै छ तर जनकपुरधामको पिडा पनि कम बिकराल छैन । अधिकाँश २००-२५० फिट सम्मका हातेकलहरु सुक्न थालेका छन् । ४००-४५० फिट सम्मका कलहरुले समेत सुक्ने संकेत दिई सकेका छन् । बर्दिवास, चन्द्रनगर , पथलैया, निजगढ जस्ता तराई मधेशका शहरहरु नजिकका ग्रामीण भेगमा त टाढाटाढाबाट घण्टौं लगाएर पानी बोकेर ल्याउनु परेको बाध्यता छ । पानीको उपलब्धता महँगो सावित भएको छ ।

**मूल सुक्नुका कारण**

सामान्यतया वर्षातमा परेको पानी जमिनको सतहबाट जमिन मुनि छिर्छ । पानी कति भित्र छिर्ने भन्ने कुरा जमिनको बनोट र माटोको किसिममा भर पर्छ । सतह नजिकको माटोको तह पूरै भिजे पछि पानी अझै भित्र जान्छ र त्यसरी भित्र पसेको पानी जमिन भित्र धाँजा फाटेको, चिरिएको ठाउँ (एक्विफायर वा जलभरा) मा सञ्चित भएर बस्छ । जमिनमुनि रहेका त्यस्ता जलभराहरू जब पानीले भरिन्छन्, पानी माटोको कमजोर सतहबाट वा पृथ्वीको गुरुत्वाकर्षणका कारण तल्ला क्षेत्रहरूबाट निस्कन थाल्छ, जसलाई हामी मूल भन्छौं ।

त्यसकारण मूल बन्न र नासिन वर्षातको मात्रा, जमिनको बनोट, माटोको प्रकार र सतहमाथिको भूउपयोगले मुख्य भूमिका खेल्छ । साथै मूलमा पानीको मात्रा पनि मूलाधारको चरित्र, जलभरा र वर्षातले निर्धारण गर्छ ।

नेपाल पानी सदुपयोग फाउन्डेसन र इसिमोडको प्रतिवेदनले पानीको मूल सुक्नुमा मूलधार क्षेत्रको विनाश हुनु; परम्परागत पोखरीहरू मासिनु; सिमसार क्षेत्रहरू मासिनु; जथाभावी सडक तथा भौतिक संरचना बनाउनु; जलविद्युत् आयोजनाका सुरुङ, इनार, डिप बोरिङ खन्नुजस्ता मानवीय र बाढीपहिरो, खडेरी, भूकम्पजस्ता प्राकृतिक कारकहरूको भूमिका रहेको उल्लेख गरेको छ । अर्थात्, ती गतिविधिका कारण मूल बन्ने संरचना (जस्तै– जलभरा, मूलाधारको चरित्र) मा हानि पुग्यो र मूल सुक्यो । साथै जलवायु परिवर्तनका कारण फेरिएको वर्षातको समय, परिमाण र आवृत्तिएवं तापमान वृद्धिका कारण पनि पानीका मूलहरू सुकेका हुन् भन्ने अध्ययनहरूको दाबी छ ।

कतिपय ठाउँमा जनसंख्या वृद्धि, पानीको अत्यधिक खपत गर्ने पछिल्लो जीवनशैलीका कारण पनि पानीको अभाव महसुस भएको हुनसक्छ । बढ्दो खपतले भएको कमीलाईमानिसहरूले पानीको प्राकृतिक आपूर्ति नै घटेको हिसाबमा लिएका पनि हुनसक्छन् । नेपाल मै अझ मधेश प्रदेशको मुख्यालय जनकपुरधामको कुरो गर्ने हो भने जनसंख्या वृद्धि दर पनि स्थानिय ठाउँमा पानी अभावको कारणको रुपमा लिन सकिन्छ । सन् १९७१ मा १४२९८ जनसँख्या रहेको जनकपुरको २०२१ को जनसंख्या १९४५५६ पुगेको छ ।

**जनकपुरमा खानेपानी उपलब्धताको सवाल**

विगतमा जनकपुरमा खानेपानीको मुख्य श्रोत इनार भए पनि हाल हाते पम्प (पाइप) नै हो । जिल्ला खानेपानी संस्थानले पाइप मार्फत धारा प्रदान गरेर पनि पानी सप्लाई गरि रहेको छ त्यो पनि १५ प्रतिशत भन्दा कम घरधुरी मात्र । अहिले वोतल र जारको खानेपानी सर्वत्र उपलब्ध छ । खानेपानीको मुख्य श्रोत भूमिगत जल साविकमा भन्दा अहिले धेरै तल किन गयो? हातेकलमा ४०० फीट भन्दा तल गए पछि मात्र खानेपानी आउछ किन ? नेपाल भरीमा जनकपुर धाममा सवभन्दा वढी पोखरी छ तर भूमिगत जल तल तल किन जादै छ ? जस्ता कारणले यहाँ सर्वसाधारणको लागि खानेपानी महंगो हुदै गैरहेको अवस्था छ ।

**जनकपुरको लागि भूमिगत जलको जलभरनको श्रोत ( ध्बतभच चभअजबचनभ कयगचअभ) कहाँ छ त?**

नेपालको चुरे क्षेत्रमा कुल १६४ वटा नदि प्रणालीको सञ्जाल रहेको, १८ वटा पेरिनियल हिम नदि, मध्य पहाडवाट उत्पति हुने ६४ वटा पेरिनियल नदि, तराई मधेश क्षेत्रवाट १४ वटा पेरिनियल नदिहरु वहने गर्दछन तर जनकपुरको लागि भूमिगत जललाई दिगो रुपमा रिचार्ज गर्ने श्रोत वर्षै भरी पानी रहने नदी ( पेरिनियल ) छैन । यस क्षेत्रलाई रिचार्ज गर्ने मुख्य श्रोत सिजनल (वर्षे) नदीहरुमा रातु, औरही (विगही), र जलाध नदीहरु रहेका छन् ।

यी नदीहरुमा वर्षाको ३-४ महिना मात्र पानी वग्ने गर्दछ र यसलाई रिचार्ज गर्ने मुख्य श्रोत भनेकै भावर क्षेत्र र चुरे क्षेत्र हुन् । सतही पानी नदि, वर्षा, पोखरी, ताल तलैया, नहरहरुवाट प्राप्त हुन्छ । बारामा १२.३५, धनुषामा २५.५५, महोत्तरीमा १४.७५, पर्सामा २०.५५, रौतहटमा ७.६५, सर्लाहीमा १५५, सप्तरीमा १३.४५, र सिरहामा १६.३५ चुरे क्षेत्र रहेको छ । औषतमा मधेश प्रदेशमा १५.९ ५ चुरे क्षेत्र रहेको छ ।

जनकपुरधामको लागी भूमिगत जलको जलभरनको स्थान चुरे र भावर क्षेत्र महेन्द्रनगर सखुवा भन्दा माथि पर्दछ । भावर क्षेत्रमा साविकमा (जनकपुर रेलवे आउनु पूर्व सन् १९२७ भन्दा पहिले वा करीव ९५ वर्ष पहिले) चारकोसे झाडी थियो । अहिले छैन । भुमिगत जलभरण क्षेत्रका तथ्याँक अनुसार धनुषामा भुमिगत जलभरणको अवस्था राम्रो रहेता पनि व्यवस्थित र भरपर्दो पानीको उपलब्धता गराउन सकिएको छैन । जिल्लामा पहिचान भएका कुल १८९१ वटा डिप एक्यूफायर मध्ये सन् २०२० सम्ममा जम्मा १०८ वटा एक्यूफायरवाट पानी उपलब्ध गराउन सकिएको छ ।

**जनकपुरको लागि भूमिगत जलको जलभरनको क्षेत्र ( ध्बतभच चभअजबचनभ शयलभ) को अवस्था कस्तो छ?**

चुरे क्षेत्रमा रहेको वनको अवस्था दयनीय छ । वर्षा महिनामा पानीको भल संगै माटो, गिट्टी, वालुवा वगेर आउछ यसले पानीको घनत्व वाक्लो हुन्छ र पानी जमीन मुनि जान गाह्रो हुन्छ । चुरे क्षेत्रमा अत्यधिक चरिचरन, वन डढेलो, दाउरा र काठको लागि जथाभावी वनको फडानी र वासोवास भएको अवस्था छ । २०३० देखि पूर्व पश्चिम राजमार्ग वनेपछि भावर र चुरे क्षेत्रमा आवादी ह्वातै वढेको छ । भावर क्षेत्रमा पनि भूमिगत पानीको व्यापक दोहन हुँदै छ । खानेपानी र खेतीपानी गर्न पानीको व्यापक प्रयोग भै रहेको छ । विगत एक दशक देखि नदीवाट ढुगाँ, गिट्टी र वालुवाको उत्खनन् व्यवसायिक रुपमा मसिनवाट व्यापक हुने गरेको छ । यस उत्खनन्मा जमीनमुनीको २०/२५ फीट मुनीको ढुगाँ, गिट्टी र वालुवा निकाल्ने कार्य गरिएको छ। यसवाट सयौ हजारौ वर्ष देखिको पानीको चैनेल (वाटो) लाई डिस्टर्व भएको छ जसले गर्दा पानीको रिचार्जमा नकारात्मक असर परेको छ। एकै खोलामा धेरै स्थानमा क्रसर उधोगहरु संचालनमा रहेको छ ।

**चुरे र भावर क्षेत्र नै भूमिगत पानी रिचार्ज क्षेत्र किन ?**

चुरे पहाड खस्रो वालुवा, गिट्टी र कमला स्यान्डस्टोन, सिल्टस्टोन, मडस्टोन को समिश्रणले वनेको छ । भावर क्षेत्र चुरे क्षेत्रवाट नदीले वगाएर ल्याएको वालुवा, गिट्टी थुप्रिएर वनेको क्षेत्र हो । तसर्थ सखुवा महेन्द्रनगर देखि माथि कुनै पनि नदीमा वर्षा महिना वाहेक पानी देखिदैन । सखुवा महेन्द्रनगर क्षेत्र ट्रान्जीसन जोन हो । यसको दक्षिण खोलामा पानी निस्किएर वर्ष भरी पानी वग्ने गर्दछ। यो प्रक्रिया जलाध, औरही, रातु, चारनाथ खोलामा पनि हेर्न सकिन्छ । ट्रान्जीसन जोन देखि दक्षिण मटिलो माटोले वनेको क्षेत्र रहेको छ जसले जमीन मुनिको पानीलाई वग्न दिदैन र पानी माथि जमीन माथि आउछ । प्राविधिक भाषामा सखुवा महेन्द्रनगर देखि दक्षिणको भागलाई मात्र हामी तराईमान्न सकिन्छ ।

**जनकपुरधाम क्षेत्रको खानेपानी अभावको दिर्घकालिन समाधानको लागि अव के गर्ने ?**

**(क) अध्ययन अनुसन्धान**

अधिकांश अध्ययनका यस्ता निष्कर्षहरू स्थानीय बासिन्दाका अनुभवमा आधारित हुन्, मूलाधार वा जलाधारमै गरिएका वैज्ञानिक परीक्षणका नतिजा भने होइनन् । जनकपुरधाम क्षेत्रका पानीका मूलहरूको बनोट जटिल र भिन्न भएकाले मूल सुक्दै जानुको कारण खोतल्न स्थानीय जलवायु, सतहमा भूउपयोगको अवस्था, भौगर्भिक बनोट, मानवीय गतिविधिको सूक्ष्म र लामो अवलोकन एवं अध्ययन चाहिन्छ जुन अहिलेसम्म भएको छैन ।

**(ख) धनुषा एकीकृत जल तथा जलाधार संरक्षण र व्यवस्थापन कार्यक्रम**

जनकपुरधाम उपमहानगर पालिकाको लागि वैकल्पिक पानीको श्रोतको व्यवस्था गर्ने र चुरे भावर क्षेत्रको भूमिगत पानीको भण्डारण क्षमता अभिवृद्धि गरी जनकपुरधाम क्षेत्रमा गहिरिदै गएको पानीको समस्या समाधान गर्नको लागी रातु नदी देखि कमला नदीसम्म कम्तीमा १० वर्षको लागि तपशिल बमोजिमको उदेश्य परिपुर्ति गर्न धनुषा एकीकृत जल तथा जलाधार संरक्षण र व्यवस्थापन कार्यक्रम संचालन गर्न आवश्यक देखिन्छ ।

१. धनुषा जिल्लाका चुरे क्षेत्रको पानीका श्रोतहरु संरक्षण गरी भूमिगत पानी शोषण र भण्डारण क्षमता अभिवृद्धि गर्ने ।

२. धनुषा जिल्लाको रातु, वरहरी, औरही, जलाध, चारनाथ, र कमला नदीहरुको चुरे र भावर क्षेत्रमा प्रसस्त पानी पोखरीहरु निर्माण गरी वर्षाको पानी संकलन गरी सतही र भूमिगत पानीको भण्डारण क्षमता वढाउने ।

३. रातु देखि कमला नदीहरुको भावर क्षेत्रमा अन्तर-नदी सिचाई कुलो वनाई भावर र तराई क्षेत्रमा सिचाई गर्ने र भूमिगत पानीको भण्डारण क्षमता वढाउने ।

४. स्थानीय सरकार र समुदायको सहमतिमा चुरे तथा भावर क्षेत्रमा पानी पोखरी निर्माण भएको स्थानहरुवाट सव-सर्फेस लेभलको पानी हार्भेस्ट गरी जनकपुर सम्म सप्लाईको व्यवस्था गर्ने ।

५. पानी उपयोग गरे वापत जनकपुर उपमहानगर पालिकाले स्थानीय सरकार र समुदायलाई सहमति भए अनुसार वातावरणीय सेवा भुक्तानी वापतको आर्थिक र अन्य सहयोग गर्ने ।

६. चुरे र भावर क्षेत्रमा रहेको वन जंगल, माटो र पानी संरक्षणको प्रदेश र स्थानीय सरकारहरुले नीति र कानूनी संरचना तयार पार्न सहयोग गर्ने ।

७. प्रदेश र स्थानीय सरकारको समन्वयमा धनुषा जिल्लाको नदीहरुवाट नदीजन्य पदार्थ निकाल्ने प्रक्रिया नियमन गर्न भावर क्षेत्रमा सिल्ट ट्र्याप ड्यामको मोडेल वनाई त्यसै ड्यामवाट मात्र वालुवा गिट्टी ठेक्का मार्फत निकाल्ने व्यवस्था गर्न सहयोग गर्ने र नदीहरुवाट नदीजन्य पदार्थ निकाल्ने जथाभावी दोहनलाई नियन्त्रण र रोकथाम गर्ने ।

**धनुषा एकीकृत जल तथा जलाधार संरक्षण र व्यवस्थापन कार्यक्रमका क्रियाकलापहरु**

रातु नदीमा मात्रै १०३ वटा खहरे खोलाहरु छन् त्यसमध्ये ५० भन्दा वढी खहरेमा चेकड्याम, तटवन्ध, संरक्षण पोखरीहरु नियन्त्रण र संरक्षण भै सकेको देखिन्छ । रातु नदीको अन्य खहरेहरुमा पनि चेकड्याम, तटवन्ध, संरक्षण पोखरीहरु निर्माण गर्ने । हाई टेन्सन लाईनको पुनी उल्लेख्य मात्रामा जलाधार पोखरीको निर्माण गर्ने ।

यस्तै औरही (विगही) नदी, जलाद नदीहरुको खहरे खोलाहरुमा सयौ खहरे खोल्सीहरु छन् । यी नदीका खहरेहरुमा पनि चेकड्याम, तटवन्ध, वृक्षारोपण वा वनसंरक्षण र पोखरीहरु निर्माण गर्ने ।

यी नदीहरुको खहरेमा चेकड्याम, तटवन्ध, संरक्षण पोखरीहरु निर्माण गरी चुरेको माटो चुरेमा संरक्षण गर्ने अभियान नै चलाउने ।

चुरे र भावर क्षेत्रमा सयौको संख्यामा पानी पोखरी निर्माण र संरक्षण गरी वर्षाको पानीको रोकथाम र संरक्षण गर्ने ।

रातु नदी, औरही (विगही) नदी, जलाद नदी र कमला नदीमा चुरे वा भावर क्षेत्रमा सव-सर्फेस सतहको पानीको श्रोतको अध्ययन गरी पानी पोखरी निर्माण गरी सो पानी जनकपुर ल्याउने संभावनाको अध्ययन गर्ने (जस्तै वर्दिवासको खानेपानीको श्रोत संरक्षणवाट सिक्ने) ।

सुनकोशी-कमला डाइभरसनको पानी जनकपुरको लागि खानेपानीमा प्रयोग गर्ने संभावनाको खोजी गर्ने ।

चुरे र भावर क्षेत्रमा रहेको वन जंगल, माटो र पानी संरक्षणको नागरिक अभियान संचालन गर्ने र चुरेको श्रोतको दोहन प्रभावकारी रुपमा रोकथाम गर्न सहयोग गर्ने ।

चुरे र भावर क्षेत्रमा रहेको वन जंगल, माटो र पानी संरक्षणको प्रदेश र स्थानीय सरकारहरुले नीति र कानूनी संरचना तयार पार्न सहयोग गर्ने ।

स्थानीय सरकारको समन्वयमा रातु नदी, औरही (विगही) नदी, वरहरी नदी, जलाद नदी, चारनाथ नदी र कमला नदीहरुमा सिल्टेसन ट्र्याप ड्याम वनाई त्यसै ड्यामवाट मात्र वालुवा गिट्टी ठेक्का मार्फत निकाल्ने व्यवस्था गर्न सहयोग प्रदान गर्ने ।

चुरे र भावर क्षेत्रको निजी जग्गामा पानी पोखरी निर्माण गर्नलाई प्रोत्साहन गर्ने । सिचाई मन्त्रालय र निकायहरुको समन्वयमा वागमती देखि कमला नदीसम्म सिजनल नदीहरुको वर्षाको पानी अन्तर-सिचाइ कुलो वनाई भावर क्षेत्रमा भूमिगत पानी भरनको व्यवस्था गर्ने ।यस संरक्षण र व्यवस्थापनवाट धनुषा जिल्लामा नदी किनारका सयौ विघा जमीन उकास हुने अपेक्षा गरिएको छ । यी नदी उकास जग्गामा वृक्षारोपण र अन्य आयमूलक कार्यक्रम संचालन गर्ने ।

लेखक : भू-संरक्षण अधिकृत हुनुहुन्छ ।
bechan.mahato@ymail.com

# मधेस प्रदेश सरकारको बजेट ल्याउने तयारी अन्तिम चरणमा, चालु आब भन्दा पनि कम बजेट हुने



**खबर दर्पण समाचारदाता**

**जेठ २९ गते, जनकपुर**

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०-०८१ का लागि ल्याउने बजेटको तयारी गर्ने अन्तिम चरणमा पुगेकोछ। प्रदेश सरकारले असार १ गते बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक व्यवस्था अनुसार मधेस सरकारले बजेट ल्याउने तयारी गरेको हो।

अर्थ सचिव प्रेमप्रसाद भट्टराईको अनुसार सरकारले करीब ३५ अर्बको बजेट ल्याउने तयारी गरि रहेको छ। अर्थ सचिव भट्टराईले भने, "चालु वर्षभन्दा आगामी वर्षमा बजेटको आकार घटेर आउने भएको छ।"

उनले बीस अर्ब मधेश प्रदेश सरकारको र १५ अर्ब संघीय सरकारले दिने अनुदान रकम सहित प्रदेश सरकारले करीब ३५ अर्बको हाराहारीमा बजेट ल्याउन लागेको जनाए।

सबै मन्त्रालयलाई पठाइएको बजेट सिलिङ र मार्गनिर्देशनको आधारमा बजेट निर्माणको तयारी अन्तिम चरणमा रहेको सचिव भट्टराईले बताए। उनले भने, "अधिकांश मन्त्रालयको बजेट निर्माण अन्तिम चरणमा छ। केन्द्रले यस वर्ष २२ प्रतिशत बजेट कटौती गरी पठाएकोले बजेटको आकार साँगुरिएको हो।"

अर्थ सचिव भट्टराईले आगामी बर्षको लागि संघीय सरकारले चालु आर्थिक वर्षभन्दा २२ प्रतिशतले कम अर्थात १५ अर्व मात्रै पठाएको बताए।

चालु आर्थिक वर्षमा मधेश प्रदेश सरकारले ४६ अर्ब ९१ करोड ४८ लाख ८८ हजारको बजेट ल्याएको थियो। चालु आर्थिक वर्षमा भएको खर्च अवस्था र राजस्व संकलनमा आएको गिरावटका कारण बजेट घटेको सचिव भट्टराईको कथन रहेको छ।

मधेसमा हुने प्रचण्ड गर्मीका कारण खानेपानीको भूमिगत मुहान तल गएकाले अधिकांश चापाकलहरु सुक्ने गरेको अवस्थामालाई ध्यानमा राखि सरकारले ल्याउन लागेको बजेटमा खानेपानी मन्त्रालय अन्तर्गत 'वाटर एटीएम' योजना राखिएको छ। जस अनुसार करीब दश ठाउँमा वाटर एटीएम बनाइने र करीब दुई सय सार्वजनिक ठाउँमा शुद्ध खानेपानीको व्यवस्था गर्ने बताइएको छ।

चालु आर्थिक वर्षमा पनि सर्वाधिक बजेट भौतिक पूर्वाधार विकास मन्त्रालयमा नै राखिएको थियो। प्रदेश सरकारको प्राथमिकता पूर्वाधार नै रहेको छ। यद्यपि स्वास्थ्य, शिक्षा र कृषिलाई प्राथमिकतामै राखेर बजेट निर्माण गरिएको सचिव भट्टराईले बताए। प्रदेश सरकारको सर्वाधिक आम्दानीको स्रोत मालपोत कार्यालय रहेको छ। उद्योगहरुमा कर लगाइए पनि त्यो असुलीमा समस्या हुने गरेको बताइन्छ।

मधेश प्रदेशका प्रदेश प्रमुख हरि शंकर मिश्रले प्रदेशसभामा गत मंगलबार एक सय ८९ बुँदे नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए। सरकारको नीति तथा कार्यक्रममाथि तीन दिन संसदमा छलफल भइ गत शुक्रबार सर्वसम्मतिले पारित गरिएको थियो।

मधेश प्रदेशमा जनता समाजवादी पार्टी(जसपा)का नेता सरोज कुमार यादवको नेतृत्वमा नेपाली कांग्रेस, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा), माओवादी केन्द्र र नेकपा एस रहेको गठबन्धन सरकार छ। विपक्षमा नेकपा एमाले रहेको छ। तर सरकारको नीति तथा कार्यक्रमलाई सर्वसम्मतिले पारित गरिएको छ। सरकारको बजेट पनि सर्बसम्मतिले नै पारित हुने सरकारको विश्वास रहेको छ।

# मटिहानी नगरपालिकामा जग्गाको कित्ता काट खुल्यो




**खबर दर्पण समाचारदाता**

**जेठ २९ गते, जलेश्वर**

महोत्तरीको मटिहानी नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्र रहेको जग्गाको कित्ता काट खुलाएको छ।

मटिहानी नगरपालिका प्रमुख हरि प्रसाद मण्डल सोमवार एक कार्यक्रम बीच भू-उपयोग क्षेत्र वर्गीकरणको कार्य सम्पन्नको सार्वजनिकीकरण गरेको छ।

भू-उपयोग नियमावली २०७९ को नियम ५ उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी पालिकाको स्थानीय भू-उपयोग परिषद्ले क्षेत्राधिकार भित्रको जग्गाको भू-उपयोग क्षेत्र वर्गीकरणको कार्य सम्पन्न गरेको कुरा मटिहानी नगर पालिकाका इन्जीनियर विमलेश साहले बताउनु भयो।

मटिहानी नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्रको जग्गाहरुलाई कृषि क्षेत्रतर्फ १६८६.७१८ हेक्टर, व्यवसायिक क्षेत्रतर्फ १७.६२८ हेक्टर, साँस्कृतिक क्षेत्रतर्फ २.४०० हेक्टर, नदीजन्य/पोखरी क्षेत्रतर्फ ६४.७७६ हेक्टर, औद्योगिक क्षेत्रतर्फ २६.८४२ हेकटर, सार्वजनिक क्षेत्रतर्फ ६५.६९४ हेक्टर र आवासीय क्षेत्रतर्फ १०५४.७७४ हेक्टर जग्गा वर्गीकरण गरेको छ। मटिहानी नगरपालिकाले वर्गीकरण गरेको जग्गाहरु जम्मा ३४ हजार ३ सय ९७ कित्ता रहेको र मङ्गलबार देखि सबै जग्गाको कित्ताकाट खुल्ला भएको जानकारी गराइएको छ।

जग्गा वर्गीकरण सार्वजनिकीकरण कार्यक्रममा उप-प्रमुख मन्जु देवी साह, प्रमुख प्रशासकीय अधिकृत चन्द्र शेखर शर्मा, इञ्जिनियर विमलेश साह, योजना अधिकृत राजेश कुमार शर्मा, वड़ा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु उपस्थिति रहेको थियो। जग्गा कित्ताकाट रोकिएको कारण वर्षौ देखि सास्ती भोग्नुको साथै विभिन्न कामहरु गर्न/गराउन नपाएका मटिहानी नगरवासीहरुले मङ्गलबार देखि जग्गा सम्बन्धी कामहरु गर्न पाउने भएका छन्।

# वन तथा वातावरण मन्त्री कुर्मीद्वारा मटिहानी नगरपालिकाको विकासमा सहयोग गर्ने प्रतिबद्धता

**खबर दर्पण समाचारदाता**

**जेठ २९ गते, जलेश्वर**

मधेश प्रदेशका वन तथा वातावरण मन्त्री रमेश प्रसाद कुर्मीले मटिहानी नगरपालिकाको विकासका लागि आफूले हरसम्भव सहयोग गर्ने कुरा बताउनु भएको छ।



महोत्तरी जिल्लाको मटिहानीमा आज आयोजित एक कार्यक्रममा बोल्नु हुँदै मन्त्री कुर्मीले ऐतिहासिक र धार्मिक महत्व भएको मटिहानीमा आन्तरिक पर्यटन बढाउन एक व्यवस्थित पार्क निर्माण गर्ने भन्नुभयो।

मटिहानी नगरपालिकाका प्रमुख हरि प्रसाद मण्डलको सभापतित्वमा सम्पन्न कार्यक्रममा लोसपा संसदीय दलका नेता अभिराम शर्मा , पार्टीका नगर अध्यक्ष श्याम कुमार मण्डलले मटिहानी नगरपालिकाको विकास बारे बोल्नु भयो।

यस अघि वन मन्त्री कुर्मीलाई मटिहानी नगरपालिका प्रमुख हरि प्रसाद मण्डलले सम्मान पनि गर्नुभयो। मन्त्री कुर्मीले लक्ष्मी नारायण मठ र लक्ष्मीसागरमा पूजा, दर्शन र आरती समेत गर्नु भयो।

# बर्दिबास जनता क्याम्पसमा चुनावी सरगर्मी

**खबर दर्पण समाचारदाता**

**जेठ २९ गते, बर्दिवास**

अहिलेको प्रचण्ड गर्मीको रापबीच महोत्तरीको बर्दिबासमा चुनावी चहलपहलले राजनीतिक तापमान ह्वात्तै बढाएको छ।

बर्दिबास जनता बहुमुखी क्याम्पस बर्दिबास-१४ महोत्तरीको प्राज्ञसभा (क्याम्पससभा) को व्यवस्थापन समिति निर्वाचनले यहाँ राजनीतिक चहलपहल बढाएको हो। आउने असार दुई (२) गते हुने निर्वाचनका लागि आज सोमबार उमेद्वारले मनोनयनपत्र दाखिला (दर्ता) गरेका छन्।

एक अध्यक्ष, एक उपाध्यक्ष, मधेशी, जनजाति, महिला र दलित आरक्षित क्षेत्रबाट एक/एक सदस्य र पाँच खुला सदस्य गरी जम्मा ११ पदका लागि २३ जनाले उमेद्वारी दर्ता गराएका क्याम्पस निर्वाचन समितिले जनाएको छ। जसमा अध्यक्ष पदमा दुई, उपाध्यक्षमा तीन, मधेशी, जनजाति, महिला र दलित आरक्षित क्षेत्रका सदस्यमा दुई/दुई र खुला सदस्य पदका लागि १० जनाले उमेद्वारी दर्ता गराउनु भएको निर्वाचन समितिका संयोजक दिलिपकुमार तिवारीले जानकारी दिनुभयो।

निर्वाचनमा उमेद्वारको दलीय हैसियत नहुने भएपनि यहाँका राजनीतिक दलले आआफ्ना प्यानल भन्दै उमेद्वार घोषणा गरेका छन्। निवर्तमान अध्यक्ष गुन्जबहादुर खड्का नेतृत्वमा एमाले समर्थित र भरत हमाल नेतृत्वमा नेपाली काँग्रेस, नेकपा माओवादीकेन्द्र र स्वतन्त्र समर्थित गरी दुई प्यानल देखिएका छन्। उपाध्यक्ष पदमा भने दुबै प्यानलमा नरहेका थप एकको उमेद्वारी दर्ता भएको छ।




विक्रम सम्वत् २०६४ सालमा स्थापित यो क्याम्पसको यसपालि चौथो कार्यकालका लागि निर्वाचन हुन लागेको हो। प्राज्ञसभामा कूल २२२ सदस्य रहेका निर्वाचन समितिले जनाएको छ।

बर्दिबासमा यसपालि पछिल्लो छ महिनायता लगातार चुनावी चहलपहल हुँदै आएको छ। गत पुसमा बर्दिबास उद्योग वाणिज्य सङ्घ र फागुनमा बर्दिबास साना सहरी खानेपानी तथा सरसफाई संस्थाको निर्वाचन सम्पन्न भएको थियो। ती सम्पन्न निर्वाचनमा पनि दलीय समर्थनका उमेद्वारबीच प्रतिष्पर्धा भएको थियो। केही महिनाका फरकमा यहाँको उद्योग वाणिज्य, पानी र सरसफाई व्यवस्थापनको मुख्य जिम्मेवारीको सामाजिक र अहिले शैक्षिक क्षेत्रसम्बन्धित निर्वाचन भइरहँदा सन् २०२३ यहाँका लागि निर्वाचन वर्षजस्तै बनेको बर्दिबासबासी बताउँछन्।

# एकै परिवारका तीनजना . . .

स्थानीय शिवम होटेलमा पानी किन्न पुगेको बेला बिबाद भएको थियो। सोही क्रममा होटल संचालकसहितले तीनैजनामाथि निर्घात कुटपिट गरेको पीडितले बताएका छन्।एकबोतल खाने पानी किन्दा ५० रुपैयाँ भाररु उनीहरुले दिएका थिए। तर होटेल संचालकले नेपाली रुपैयाँ दिनु पर्ने नत्र पानी नदिने भनेपछि विवाद भएको थियो। त्यसै क्रममा संचालकसहितले आफूहरुमाथि कुटपिट गरेको पीडित सुजित साहले दुखेसो पोखे।सोविताको तालुमा फुटेको छ भने सुजितको टाउकोमा फुटेको छ। सुनिलको कान र पिठ्युमा गहिरो चोट लागेको छ।

उनीहरुको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको छ। विवाद पश्चात प्रहरी घटनास्थल पुगेको तर, कुटपिट गर्नेहरुलाई पक्राउ नगरेको पीडितहरुको गुनासो छ।

यता महोत्तरीका प्रहरी उपरीक्षक (एसपी) प्रकाश मल्लले घटना विषयमा बुझ्ने प्रयास गरिरहेको र दोषीलाई कारबाही गरिने बताए।

बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं। शिक्षा दिएर असल नागरीक बनाऔं।
गौशाला नगरपालिका कार्यालय
महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा